निर्णय नं. ५

प्रदेश सरकार प्रदेश नं. २ आन्तरिक मामिला तथा कानून मन्त्रालयको मिति २०७६।१२।०९ च.नं. ७२८ को पत्रबाट COVID-19 को संक्रमण रोकथाम एवं जोखिम न्यूनीकरण पूर्व तयारीका लागि आवश्यक सामग्री, उपकरण लगायत अत्यावश्यक व्यवस्थापन कार्यका लागि जिल्ला विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णयानुसार खर्च गर्ने गरी रकम रू. ५०,०००००।- (पचास लाख) प्राप्त भएकोमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तत्काल राख्ने अवस्था नरहेको परिस्थितिमा जिल्ला संकट व्यवस्थापन केन्द्र/जिल्ला प्रशासन कार्यालयको निर्णयबाट खर्च गरिएको तपसिल बमोजिमको रकमको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.सं. | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | नेपाल प्रहरी कार्यालय, सप्तरी | ७,००,०००।- (सात लाख) |
| २ | नेपाली सेना, भिमदल गण, सप्तरी | ७,००,०००।- (सात लाख) |
| ३ | सशस्त्र प्रहरी बल नेपाल, नं. ६ गण, सप्तरी | ७,००,०००।- (सात लाख) |
| ४ | राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय सप्तरी | १,००,०००।- (एक लाख) |
| ५ | सशस्त्र प्रहरी नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालय, सप्तरी । | २,००,०००।- (दुई लाख) |
| ६ | २ नं. प्रदेश प्रहरी तालिम सप्तरी । | २,००,०००।- (दुई लाख) |
| ७ | गजेन्द्र नारायण सिंह अस्पताल राजविराज, सप्तरी । | १,००,०००।- (एक लाख) |
| ८ | जिल्ला स्वास्थ्य कार्यालय, सप्तरी । | १,००,०००।- (एक लाख) |
| ९ | जिल्ला प्रशासन कार्यालय, सप्तरी । ............... | ३,,३९,२५०।- (तीन लाख उन्नचालिस हजार दुई सय पचास) |

**निर्णय नं. ६**

निर्णय नं. ५ मा उल्लेख भए बमोजिम प्राप्त रकम मध्ये बाँकी रकम खर्चका लागि समेत पटक पटक यस समितिको बैठक वर्तमान अवस्थामा राख्न उपयुक्त नहुने देखिएकोले उक्त रकम मध्ये बाँकी रकम आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयको निर्णयबाट खर्च गर्ने/गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

विभिन्न स्थानिंय तह र विकास निर्माण संचालन गर्ने विभिन्न कार्यालयहरूबाट जिल्लामा संचालित हुने विभिन्न विकास निर्माणसँग सम्बन्धित योजनाहरू हाल रोकिएकोमा केन्द्रीय निर्णयबाट यस जिल्लामा समेत केही योजनाहरू संचालन हुन लागेको हुँदा यस जिल्लामा विभिन्न पालिका र विकास निर्माण सँग सम्बन्धित कार्यालयहरूको योजनाहरू संचालन गर्ने/गराउने सम्बन्धमा गृह मन्त्रालयलाई निर्देशन माग गर्ने निर्णय गरियो ।